कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८१/०८२(रोजगार सेवा केन्द्र)

च.नं.:

मिति:२०८१/१०/३०

## आ.व. २०८२/०८३ को लागि न्युनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना !!!

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (दोश्रो संसोधन,२०७८) को दफा १८ वमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि न्यूनतम रोजगारीमा संलग्न भई सामुदायिक विकास निर्माणका काममा योगदान दिन इच्छुक चालु आर्थिक वर्ष २०८१/०८२ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेको १८ (अठार) वर्ष देखि ५९ (उनान्साठी) वर्ष उमेर समूहभित्रका बेरोजगार नागरिकले आफू स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०८१ साल फागुन मसान्त सम्ममा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुनको लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा (अनुसूची १ फारम) सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र, कोहलपुर नगरपालिका तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:-

१) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, १ प्रति।

२) निवेदकको पासपोर्ट साईजको फोटो, १ प्रति।

३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको पुरा नाम, निवेदकसँगको नाता, जन्म मिति, नागरिकता नम्बर, जारी मिति तथा जारी जिल्ला।

४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सीप, दक्षता तथा रोजगारीको अवस्था।

५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि: (ना.प्र. अन्य जिल्लाबाट जारी भएको भए बसाईंसराइ प्रमाणपत्रको प्रतिलिपि र ना. प्र. पत्रको स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि।

६) कुल वार्षिक पारिवारिक आय, परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता वा आम्दानी लिएको/नलिएको विवरण।

७) निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र स्वीकृत गरिने छ। मापदण्ड र विवरण नपुगेका निवेदन दर्ता गरिनेछैन। झुटा विवरण पेश गरी निवेदन दिएको पाइएमा कसूर गरेको मानिनेछ।

विस्तृत जानकारीका लागि रोजगार सेवा केन्द्रको सम्पर्क नं ९८४१७६८८३१ सम्पर्क गर्न सकिने छ।

२०८१/१०/३०

(राम बहादुर हमाल)

नि. प्रमुख प्रशासकीय अधिकृत

आशिष वर्मा

रोजगार संयोजक

निमित्त प्रमुख प्रशासकीय अधिकृत